# इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

मिति २०७७।०९।२७

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.७७।०७८ का लागि आर्थिक ऐन २०७७ को दफा २१ अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले सम्बन्धित इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण विवरण सहितको सूचना यस कार्यालयको तथा वडा कार्यालयको सूचना पार्टीमा टांस गरिएको छ । तोकिएको मिति र समयभित्र खरिद गरी कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. मु.अ. कर बाहेक | सिलवन्दी दरभाउ पत्र दस्तुर | दरभाउपत्र फारम खरीद गर्ने अन्तिम मिति | दरभाउपत्र फारम बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०१।२०७७।०७८ (राजश्व) | पचरुखी सोमबारे शुक्रवारे हाटकर वडा नं. ५ | ६ महिना | १,५०,५००। | १०००। | २०७७।१०।०४ गते सम्म | २०७७।१०।०५ गते दिउसो १२:०० बजे सम्म | २०७७।१०।०५ गते दिउसो २:०० बजे |

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) कर शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ ।
२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं ०५९०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।
४. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।
५. छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।
६. रितपूर्वक दाखिला भएको शिलवन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन ।
८. बोलपत्र खरिद गर्ने र पेश गर्ने मु.अ.करमा दर्ता भै आ.ब. २०७६।०७७ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि हुनुपर्ने, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।
१०. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ ।
११. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
१२. विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

९।२६

शाखा अधिकृत

Scanned with CamScanner